प्रस्तावहरुः	
१.	**प्रमुख प्रशासकीय अधिकृतको स्वागत सम्बन्धमाः** यस रामारोशन गाउँपालिका कार्यालयमा भुमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस गाउँपालिका कार्यालयमा प्रमुख प्रशासकीय अधिकृतको रुपममा खटी आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री तारा दत्त भट्टलाई स्वागत गर्ने निर्णय गरियो ।
२.	**कर्मचारी पदपूर्ती सम्बन्धमाः** यस रामारोशन गाउँपालिका स्कार्पियो (हलुका सवारी चालक) र व्याक हो लोडर ड्राइभर(चालक) पद रिक्त हुन गएकाले उक्त पदमा पदपुर्तीका लागि विज्ञापन गर्ने निर्णय गरियो ।
३.	**स्थानीय तह समन्वय समिति गठन सम्बन्धमाः** नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८३/०३/२४ गतेको निर्णयानुसार मानव अधिकार सम्बन्धी कार्ययोजना २०८३/८४-२०७८/८८ स्वीकृत भई कार्यान्वियनमा रहेको उल्लिखित कार्ययोजनाको ४.२.४ मा भएको व्यवस्था बमोजिम तपसिल बमोजिमको स्थानीय तह समन्वय समिति गठन गर्ने निर्णय गरियो । संयोजकः मान बहादुर साउद सदस्यः सिर्जना देवी बुढा सदस्यः चक्र बहादुर साउद सदस्यः मिन बहादुर परियार सदस्यः गणेश बहादुर सावद सदस्यः तर्क राज उपाध्याय सदस्यः केशर बहादुर शाह सदस्यः शुसिल साउद सदस्यः तप्त बहादुर भण्डारी सदस्यः सुमित्रा नायक महिला सदस्यः बिमला साउद सदस्यः लाल बहादुर साउद सदस्यः तारा प्रसाद खनाल सदस्यः उत्तम कार्की-प्रहरी चौकी शान्तडा सदस्य सचिवः तारा दत्त भट्ट
४.	**दरबन्दी तेरिज बमोजिम रिक्त पदमा सरुवाका लागि सूचना प्रकाशन सम्बन्धमा ।** यस रामारोशन गाउँपालिका अन्तर्गत रहेको दरवन्दी तेरिज बमोजिम रिक्त स्थायी दरवन्दीका पदहरुमा सरुवा भई आउन इच्छुक राष्ट्रसेवक कर्मचारीहरुका लागि सूचना प्रकाशित गर्ने र रिक्त पदमा पदपुर्तिका लागि प्रदेश लोक सेवा आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय धनगढी कैलालीलाई अनुरोध गर्ने निर्णय गरियो ।
५.	**कर्मचारी प्रोत्साहन सम्बन्धमाः** यस रामारोशन गाउँपालिका अन्तर्गतका वडा कार्यालयमा वडा सचिव पदमा कार्यरत कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता बाहेक र हाजिर भएको दिनके प्रति दिन रु १५० का दरले खाजा खर्च वापत उपलब्ध गराउने र राष्ट्रिय परिचय पत्र इकाईमा यस कार्यालयबाट थप जिम्मेवारीमा काम गर्ने कर्मचारी लाई दैनिक भ्रमण भत्ता बाहेक र हाजिर भएको दिनको रु १०० का दरले खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।
६.	**राहत सम्बन्धमाः**

	रामारोशन गाउँपालिका वडा नं.६ अन्तर्गत सडेगडामा यसै गाउँपालिका वडा नं.६ स्थायी ठेगाना भएका श्री सर्प सिंह साउद प्रोपराइटर रहनु भएका तपेन्द्र पशुपंक्षी तथा कृषि फर्मले भेडा बाख्रा पालन व्यवसाय गर्दै आउन भएकोमा को मिति २०८२ चैत्र १६ गतेको वर्षाका कारण पहिरो गई ३५ भेडा बाख्राको मृत्यु भई क्षती हुन गएकोले निजको क्षतिपुर्तीका लागि आवश्यक राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।
७.	**जग्गा खरिद सम्बन्धमाः** रामारोशन गाउँपालिका वडा नं.५ को वडा कार्यालयका लागि आवश्यक जग्गा प्राप्तीका लागि अध्यक्ष लक्षित कार्यक्रमबाट रु ३ लाख ५० हजार बजेट सुनिश्चित गर्ने र उक्त जग्गा खरिदका लागि प्रचलित कानून बमोजिम खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
८.	**विवाद निरुपण समिति गठन सम्बन्धमाः** रामारोशन गाउँपालिका वडा नं.३ अन्तर्गत मुजाबगर बीच बजारको बाटो विगत लामो समय देखि जग्गा विवादका कारण दैनिक हिडडुल गर्ने र बजार प्रवेशको मुख्य बाटो अवरुद्द हुन गएकोले उक्त विवाद समाधान गर्न तपसिल बमोजिमको ५ सदस्यीय समाधान समिति गठन गर्ने निर्णय गरियो । संयोजकः केशर बहादुर शाह सदस्यः गणेश बहादुर सावद सदस्यः शुसिल साउद सदस्यः तप्त बहादुर भण्डारी सदस्यः नर राज खनाल

बैठक संख्या: ०१/२०८३/०८४ मिति: २०८३।०५।०९

समय: बिहान ११ बजे स्थान: गाउँपालिकाको बैठक हल

बैठक गाउँ कार्यपालिका अध्यक्षता: मान बहादुर साउँद (गाउँपालिका अध्यक्ष)

उपस्थिति:

हस्ताक्षर	क्र.सं.	नाम थर	पद
	१	श्री मान बहादुर साउँद	अध्यक्ष
	२	श्री सिर्जना देवी बुढा	उपाध्यक्ष
	३	श्री चक्र बहादुर साउद	वडा अध्यक्ष
	४	श्री मिन बहादुर परियार	वडा अध्यक्ष
	५	श्री गणेश बहादुर सावद	वडा अध्यक्ष
	६	श्री तर्क राज उपाध्याय	वडा अध्यक्ष
	७	श्री केशर बहादुर शाह	वडा अध्यक्ष
	८	श्री शुशिल साउद	वडा अध्यक्ष
	९	श्री तस बहादुर भण्डारी	वडा अध्यक्ष
	१०	श्री जमुना कुमारी वि.क.	का.पा.सदस्य
गोरीकला।	११	श्री गोरीकला वि.क.	का.पा.सदस्य
	१२	श्री सुशिला रावल	का.पा.सदस्य
	१३	श्री झंकर कामी	का.पा.सदस्य
	१४	श्री शंकर वि.क.	का.पा.सदस्य
	१५	श्री सरु साउँद	का.पा.सदस्य
	१६	श्री तारा दत्त भट्ट	प्रमुख प्रशासकींय अधिकृत

अन्य उपस्थिति

हस्ताक्षर	क्र.सं.	नाम थर	पद
	१	नर राज रवाल	का. वा. अध्यक्ष
	२		
	३		
	४		
	५		
	६		
	७		
	८		